# नगर सभाको वैठकमा नगर प्रमुख श्री आइतमान तामाङद्धारा प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को मेलम्ची नगरपालिकाको

# नीति तथा कार्यक्रम

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
www.melamchimun.gov.np

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,

१. वि.सं. २०७९ साल वैशाख ३१ गते सम्पन्न भएको स्थानीय तहको दोश्रो निर्वाचनबाट मेलम्ची नगरपालिकाको जनप्रतिनिधिको रुपमा हामी निर्वाचित भएको एक वर्ष पूरा भएको छ । हामीलाई अमूल्य मत दिई विजय गराउनुहुने सम्पूर्ण नगरवासीहरुप्रति म अन्तरहृदय देखि नै हार्दिक आभार प्रकट गर्दछु ।

२. चौधौं नगर सभा मार्फत मेलम्ची नगरपालिकाको नीति तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा हामीलाई खुशी लागेको छ । नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, विभेदरहित, समतामूलक, सबल र समृद्ध मेलम्ची निर्माण गर्नु हामी सबैको प्रमुख दायित्व रहेको छ ।

३. मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गरिएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, विभिन्न चरणमा भएका आन्दोलन, त्याग र बलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहीद तथा बेपत्ता र पीडित नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

४. "मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार" भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै कृषि, पर्यटन, पूर्वाधार निर्माण र उद्योगको संयोजनबाट समृद्ध मेलम्ची र सुखी मेलम्ची बासीको परिकल्पनालाई साकार पार्दै नवीन र रुपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो । नेपालको संविधान, संघीय, प्रदेश तथा स्थानीय तहको आवधिक योजना, दीगो विकासका लक्ष्य, राजनीतिक दलहरुको घोषणापत्र, नेपाल सरकार र प्रदेश सरकारले तय गरेको नीति तथा कार्यक्रम लगायत सम्पूर्ण सरोकारवाला पक्षहरुको सुझाव समेतको आधारमा सुन्दर, आत्मनिर्भर र समृद्धशाली मेलम्ची नगर निर्माण गर्ने मेलम्ची नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजनाको दीर्घकालीन सोच सहित आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,

५. मेलम्ची नगरपालिकाको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्दा दीगो पूर्वाधार विकास, रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धि, पर्यावरण संरक्षण तथा जलवायु अनुकुलन,

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

गरिबी न्यूनीकरण, सुशासन र सार्वजनिक सेवामा नागरिकहरुको सहज पहुँचलाई प्राथमिकता दिइनेछ ।

(क) पूर्वाधार विकास तर्फ :

६. नगरपालिका केन्द्र तथा नगरका मुख्य राजमार्गहरुसंग सबै वडाको केन्द्रलाई बाह्रै महिना यातायात संचालन योग्य सडक संजालले जोड्ने नीति लिइनेछ । आम नागरिकलाई यातायातको सहज पहुँच पुर्याउनको लागि नगरस्तरिय यातायात गुरुयोजना निर्माण गरि लागु गरिनेछ । नगरपालिका क्षेत्र भित्रका तीन वटा मुख्य सडकहरुलाई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी नगरका गौरवका योजनाको रुपमा अगाडि बढाइनेछ । नगर चक्रपथसंग जोडिन बाँकी रहेका अधुरा सडकहरुको निर्माण एवं स्तरोन्नतीको कार्यलाई अगाडि बढाइनेछ ।

७. नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, बालमैत्री, नागरिकमैत्री र अपाङ्गमैत्री बनाई सम्पूर्ण वडा कार्यालयका प्रशासनिक भवन, स्वास्थ्य संस्था भवन, पशु तथा कृषि सेवा केन्द्र लगायतका सेवा प्रदायक भवन निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

८. मेलम्ची नगरपालिका भित्रका टोल बस्तीहरुमा बन्ने गरेका सानातिना सामुदायिक भवनहरुलाई निरुत्साहित गर्दै एक वडा एक बहुआयामिक सामुदायिक भवन निर्माण गर्ने नीति लिइनेछ । चालु आ.व. २०८०/०८१ भित्र गत आ.व. मा छनौट गरिएको २ वटा र यस वर्ष ३ वटा थप गरी जम्मा ५ वटा वडामा नमूना सामुदायिक भवन निर्माण गरिनेछ भने आगामी चार वर्ष भित्रमा बाँकी अन्य वडाहरुमा क्रमशः बहुआयामिक सामुदायिक भवन निर्माण गर्दै लगिनेछ ।

९. खेतीयोग्य जमिनमा सिंचाई पूर्वाधारको विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्ने नीति लिनुको साथै सिंचाईको सहज उपलब्धता, पर्यावरण र परम्परागत आहालको संरक्षण गर्नको लागि नगरपालिका भित्रका १३ वटै वडाहरुमा संभाव्यता अध्ययन गरी एक वडा एक सिंचाई पोखरी निर्माण गर्ने नीति लिइनेछ ।

१०. नगर भित्रका निजी तथा सार्वजनिक खानेपानी मुहानहरुको तथ्याङ्क अध्यावधिक गरी "**एक घर एक धारा खानेपानी कार्यक्रम** मार्फत सम्पूर्ण नगर वासीहरुलाई स्वच्छ खानेपानीको उपलब्धताको सूनिश्चितता गराउने नीति लिइनेछ । आगमी चार वर्ष भित्र नगर भित्रका खानेपानी नपुगेका बाँकी सम्पूर्ण घरधुरीहरुमा स्वच्छ खानेपानी विस्तार गरिनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

११. नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय एवं अन्तराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय गरी नगरपालिका भित्रका बजार क्षेत्र एवं अन्य आवश्यक स्थानमा वैकल्पिक उर्जाको प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२. नगरपालिकाबाट निर्माण भएका पूर्वाधारहरुको गुणस्तरियता कायम गर्नको लागि निर्माण सामग्री एवं निर्माण गरिएका संरचनाहरुको गुणस्तर परीक्षणलाई अनिवार्य र प्रभावकारी बनाउने नीतिलाई कडाइका साथ लागु गरिनेछ । आ.व. २०८०/०८१ मा मेलम्ची नगरपालिका वडा नं. ११ स्थित ईन्द्रेश्वरी माध्यमिक विद्यालयमा सिभिल ल्याब स्थापना गरी सुचारु गरिनेछ ।

१३. हेलम्बु राजमार्ग अन्तर्गत मेलम्ची बजारमा हाल कायम भएको सडकलाई यथावत राखी दिनप्रतिदिन बढ्दै गएको सवारी आवागमनको चापलाई न्यूनिकरण गर्न वैकल्पिक सडक सञ्चालनको लागि संभाव्यता अध्ययन गरिनेछ ।

१४. ईन्द्रावती, मेलम्ची, सिन्धुखोला, तालामाराङ खोलामा रहेको पानीको अधिकतम उपयोग गर्नको लागि संघ र प्रदेशसंगको समन्वयमा बृहत सिंचाई योजना निर्माण गर्न संभाव्यता अध्ययन गरिनेछ ।

१५. मेलम्ची नगरपालिका भित्रका मेलम्ची चौतारा पक्की मोटर पुल, मेलम्ची फट्टे मोटर पुल, तालामाराङ भट्टार मोटर पुल, काफ्लेखोला दुबाचौर क्यौरानी मोटर पुल र १५ नं. डम्पिङ महादेव खोला पक्की मोटर पुल निर्माणको लागि संघीय तथा प्रदेश सरकारसंग समन्वय र आवश्यक पहल गरिनेछ ।

१६. नगरको समग्र विकासको लागि संघ, प्रदेश र नगरपालिकासंग सिमाना जोडिएका स्थानीय तहहरु, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु र अन्य सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहकार्य गरी विकास निर्माणका कार्यमा साझेदारीको नीति अवलम्बन गरिनेछ ।

१७. दीगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्नको लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

(ग) शिक्षा तथा खेलकुद

१८. नगरपालिका अन्तर्गतको विद्यालयमा शैक्षिक तथा भौतिक पूर्वाधारको विकास गरी शिक्षालाई गुणस्तरीय बनाउनको लागि नगर शिक्षा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१९. **"नगर प्रमुख छात्रवृत्ति कार्यक्रम"** मार्फत प्राविधिक शिक्षा र उच्च शिक्षा अध्ययनरत गरिब, जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने नीति लिइनेछ । यसबाट नगरपालिका भित्र आवश्यक पर्ने प्राविधिक जनशक्ति नगरपालिका भित्रै उत्पादन हुने अपेक्षा गरिएको छ ।

२०. नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था, भुगोल, विद्यार्थी संख्या आदिलाई मध्यनजर गर्दै सम्बन्धित सरोकारवालाहरुसंग छलफल गरी संभाव्यताका आधारमा नमूना आवासीय विद्यालय निर्माण तथा संचालन गर्ने नीति लिइनेछ ।

२१. सामुदायिक सरकारी विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै लाने नीति लिइनेछ । नगर भित्रका माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा प्रोजेक्टरको माध्यमबाट शिक्षण सिकाई उपलब्ध गराउन शुरुवात गरिनेछ । आ.व. २०८०/०८१ मा सामुदायिक माध्यमिक विद्यालयमा अनिवार्य रुपमा ई-हाजिरीको शुरुवात गरी क्रमश: आगमी वर्षहरुमा अन्य सामुदायिक विद्यालयहरुमा विस्तार गरिनेछ।

२२. नगरको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न **नगर प्रमुख शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम** मार्फत नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको भौतिक संरचना, कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री लगायतका पूर्वाधारहरुमा एकरुपता कायम गर्ने नीति लिइनेछ । यसको शुरुवातको रुपमा यसै आर्थिक वर्ष २०८०/०८१ भित्र प्रारम्भिक बालविकास देखि कक्षा तीन सम्मको कक्षा कोठा व्यवस्थापन गरिनेछ ।

२३. सरकारी एवं सार्वजनिक प्रशासनमा नगरवासीको पहुँच वृद्धिको लागि लोक सेवा आयोगका तयारी कक्षा संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२४. बालबालिकाहरुलाई कर्तव्यपरायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिक बनाउन नगर भित्रका सबै विद्यालयहरुमा स्काउट, जुनियर रेडक्रस, बाल क्लब लगायतका गतिविधीहरुलाई प्रोत्साहित गर्दै लाने नीति अवलम्बन गरिनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२५. विद्यालयमा हुने विद्यार्थीको अनियमित उपस्थिति तथा कक्षा छोड्ने दरमा सुधार ल्याई विद्यार्थीहरुको पोषण तथा शिक्षाको अवस्थामा सुधार ल्याउनको लागि नेपाल सरकारले प्रदान गर्दै आएको कक्षा ६ सम्मको दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाई माध्यमिक तहसम्म विस्तार गर्दै लैजाने नीति लिइनेछ ।

२६. नगर भित्र रहेका सम्पूर्ण विद्यालयहरुको शैक्षिक गुणस्तरमा एकरुपता कायम गर्नको लागि कक्षा संख्या तथा विद्यार्थी संख्याको आधारमा शिक्षकहरुको न्यूनतम दरवन्दी कायम गरी शैक्षिक तथा अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाउने नीति लिइनेछ ।

२७. नगरका प्रत्येक वडामा संचालित सबै अगुवा माध्यमिक विद्यालयहरुले सोही वडामा संचालित अन्य आधार विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको समेत जिम्मेवारी बहन गर्ने व्यवस्था मिलाइनेछ ।साथै, कक्षा कोठामा शिक्षक तथा विद्यार्थीले मोबाइल बोक्ने र विद्यालय समयमा सामाजिक सञ्जालको प्रयोग गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ।

२८. विद्यालयको शैक्षिक सुधारमा प्रधानाध्यापकको महत्वपूर्ण भूमिका हुने भएकोले नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा खुल्ला प्रतिस्पर्धाको आधारमा प्रधानाध्यापक छनौट गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

२९. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) संग समन्वय गरी नगरपालिका भित्रका माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुलाई सिपमुलक तालिम प्रदान गरी रोजगारीको अवसर सिर्जना गर्ने नीति लिइनेछ ।

३०. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न शैक्षिक नतिजाका आधारमा विद्यालय, शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।सामुदायिक विद्यालयहरुमा अध्ययन गरेका पूर्व विद्यार्थीहरुको ज्ञान, सिप, अनुभव, प्रविधिको प्रयोग गरी सामुदायिक विद्यालयको शैक्षिक उन्नयन गर्न हरेक सामुदायिक विद्यालयहरुमा पूर्व विद्यार्थी समाजको गठन गरी क्रियाशिल बनाउने नीति लिइनेछ ।

३१. नगरको स्थानीय परिवेश र आवश्यकतालाई मध्यनजर गरी आधारभूत तह (कक्षा १ देखि ८) का लागि स्थानीय पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउदै लगिनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

३२. विद्यालय शिक्षामा प्रविधिमैत्री युवा जनशक्तिको पँहुचमा बृद्धि गर्नका लागि ५० वर्ष उमेर पूरा भएका शिक्षकहरुको स्वेच्छिक अवकाशका लागि प्रोत्साहित गर्न गोल्डेन ह्याण्डसेक प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३३. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी प्रसुती विदा जस्ता लामो समयको विदामा बसेको अवस्थामा शिक्षण सिकाई लगायत विद्यालयको कार्य सम्पादनमा सहजताको लागि आकस्मिक शिक्षक कर्मचारी व्यवस्थापन गरिनेछ ।

३४. आधारभूत तहसम्मको अध्ययन पूरा गरी विद्यालय छोडेका १६ वर्ष भन्दा माथिका बालबालिकाहरुलाई सिपमुलक तालिम प्रदान गरी स्वरोजगार बनाउने नीति लिइनेछ ।

३५. खेलकुद क्षेत्रको विकासको लागि नगरस्तरीय खेलकुद मैदानको निर्माण गर्नुको साथै बालबालिकाहरुको खेलकुद तथा मनोरञ्जनको लागि क्रमिक रुपमा एक वडा एक बाल उद्यान र खेल मैदान निर्माण गर्ने नीति लिइनेछ । चालु आर्थिक वर्ष २०८०/०८१ मा नगर भित्र संभाव्यता अध्ययन गरी एक वटा नगरस्तरीय खेलकुद मैदानको निर्माण गरिनेछ ।

३६. नगर भित्रका युवाहरुलाई खेलकुद क्षेत्रमा प्रोत्साहन गरी राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका खेलाडी निर्माण गर्नुको साथै राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका विभिन्न खेलकुद प्रतियोगितामा सहभागी गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

३७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र शिक्षकहरु बीच छलफल तथा अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

३८. सामुदयिक विद्यालयहरुको आधारभूत भौतिक संरचनाहरु (भवन, खेलमैदान, घेराबार खानेपानी, शौचालय) को न्यूनतम मापदण्ड तयार गरी एकरुपता कायम गर्ने नीति लिइनेछ ।

**(घ) महिला बालबालिका तथा सामाजिक समावेशीकण तर्फ :**

३९. बालबालिकाहरुको समस्या तथा गुनासोलाई तत्काल संवोधन गर्न जनप्रतिनिधहरुलाई बालबालिकाहरुप्रति अझै बढी उत्तरदायी बनाउने नीति अवलम्बन गरिनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

४०. नगरपालिका भित्र बसोबास गर्ने महिलाहरुलाई उद्यमसंग जोडी आर्थिक रुपमा आत्मनिर्भर बनाउन एक वडा एक महिला सहकारी, **एक महिला सहकारी एक उद्यम कार्यक्रम** संचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

४१. **"उपप्रमुखसंग महिला शिक्षा कार्यक्रम"** मार्फत नगर भित्रका विपन्न, जेहेन्दार तथा लक्षित वर्गका महिलाहरुलाई शैक्षिक सहायता प्रदान गर्ने नीति लिइनेछ ।

४२. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गरी उनीहरुको जीवनयापनलाई सहज बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।

४३. मेलम्ची नगरपालिकाका सम्पूर्ण वडाहरुमा बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन लागु गर्ने नीति अवलम्बन गरिनेछ । आ.व. २०८०/०८१ भित्र थप ४ वटा वडालाई बालमैत्री र पोषणमैत्री वडा घोषणा गरिनेछ ।

४४. माध्यमिक शिक्षा परीक्षामा सम्मिलित भएका बालबालिकाहरुलाई **सुनौलो भविष्य छनौट कार्यक्रम** संचालन गरी उनीहरुको योग्यता र क्षमताको आधारमा उच्च शिक्षा तथा भविष्यको पेशा छनौटको लागि मार्गदर्शन प्रदान गर्ने नीति अलम्बन गरिनेछ ।

४५. नगरभित्र रहेका सामाजिक भेदभाव, छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गिक तथा जातीय विभेद र हिंसाका घटनाहरुलाई निरुत्साहित गर्न दलित, उत्पीडित, अल्पसंख्यक लगायतका आर्थिक सामाजिक रुपमा पछाडि परेका वर्गलाई यस नगरपालिका भित्रको विकास, सेवा र शासनमा औचित्यपूर्ण एवं समतामुलक सहभागिता गराउने नीति लिइनेछ ।

४६. परम्परागत रुपमा रहेका भाषा, साहित्य, कला संस्कृतिलाई संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गरी सांस्कृतिक पर्यटनको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

४७. नगरपालिका क्षेत्र भित्रका अति जोखिममा रहेका असाहय, वेवारिसे तथा सहयोगापेक्षी सडक मानवहरुलाई उद्धार तथा व्यवस्थापन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

**आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,**

**(ङ) स्वास्थ्य तथा आयुर्वेद तर्फ :**

४८. मेलम्ची नगरपालिका भित्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई घरमै हुने प्रसुतीलाई निरुत्साहित गरी तालिम प्राप्त स्वास्थ्यकर्मीहरुद्धारा स्वास्थ्य संस्थामै सुत्केरी गराउन

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । यसको लागि नगरपालिकाका सम्पूर्ण वडाहरुमा रहेका आधारभूत स्वास्थ्य केन्द्रहरुमा वर्थिङ सेन्टरको स्थापना गर्दै लगिनेछ ।

४९. संस्थागत सुत्केरीलाई प्रोत्साहित गरी आमा तथा शिशुको स्वास्थ्य सुरक्षाको लागि संस्थागत सुत्केरी हुने गर्भवती महिलाहरुलाई थप यातायात खर्च तथा पोषण खर्च उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

५०. मेलम्ची नगरपालिका भित्र रहेका नगरवासीहरुको आधारभूत स्वास्थ्य उपचार प्राप्त गर्ने अधिकारलाई सूनिश्चितत गर्न मेलम्ची नगर अस्पताललाई स्तरोन्नती गर्दै प्रेषण केन्द्रको रुपमा विकास गर्ने तथा प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय एवं प्रभावकारी बनाउदै लगिने नीति अवलम्बन गरिनेछ ।

५१. नगर भित्रका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवाको सहज पहुँच पुऱ्याउँन टोल बस्तीस्तरमा ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रमको शुरुवात गरिनेछ ।

५२. महिला स्वास्थ्य स्वयंसेविका, क र ख वर्गका अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य बिमा गराउने नीति अवलम्बन गरिनेछ ।

५३. विद्यालय नर्स तथा विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य परीक्षण तथा समस्याको पहिचान विद्यालयस्तरमा नै गर्ने नीति लिइनेछ ।

५४. बिरामीहरुलाई आवश्यक पर्ने रगतको सहज उपलब्धताको लागि नेपाल रेडक्रस सोसाइटी र अन्य सरोकारवाला संघ संस्थाको समन्वयमा मेलम्ची नगर अस्पतालमा आकस्मिक ब्लड बैंकको स्थापना गर्न पहल गरिनेछ ।

५५. खोप तथा गाउँघर क्लिनिक सेवालाई प्रभावकारी रुपमा संचालन गरी समुदायस्तरमा स्वास्थ्य सेवाको पहूँच अभिवृद्धि गर्ने नीति लिइनेछ । यसको लागि आवश्यक पूर्वाधारहरु क्रमश: विकास गर्दै लगिनेछ।

५६. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाको अभिलेख तथा प्रतिवेदन प्रणालीलाई पूर्ण रुपमा प्रविधिमैत्री बनाइनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

५७. नगरपालिका भित्रका विभिन्न क्षेत्रमा आयुर्वेदका पञ्चकर्म अन्तर्गत स्नेहन, स्वेदन, शिरोधारा लगायत योग र प्राकृतिक चिकित्साको विशिष्टिकृत सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

५८. नगरपालिका अन्तर्गत रहेको जरायोटार आयुर्वेद औषधालयको सेवालाई विशिष्टिकृत गर्नको लागि फिजियोथेरापी सेवा विस्तार गर्न पहल गरिनेछ ।

५९. मेलम्ची नगरपालिका भित्र योगशालाको स्थापना गरी स्वस्थ रहन योग अभ्यास सेवाको विस्तार गर्ने नीति लिइनेछ ।

(ङ) राजस्व परिचालन तथा उपभोक्ता हित संरक्षण तर्फ :

६०. राजस्व संकलनको दायरा र क्षेत्रलाई विस्तार गरी प्रगतिशिल करको सिद्धान्तको आधारमा राजस्व वृद्धि गर्दै राजस्वका दरहरुलाई समायनुकुल गर्ने नीति लिनुको साथै राजस्व सुधार कार्य योजनाको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

६१. सरकारी कोषबाट सेवा सुविधा प्राप्त गर्ने जनप्रतिनिधि, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी लगायतले आर्थिक वर्ष शुरु भएको श्रावण महिना भित्र अनिवार्य रुपमा सबै प्रकारको कर दायित्व चुक्ता गर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।साथै, नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सबै प्रकारका सेवाहरुलाई राजस्व संकलनसंग जोडिनेछ।

६२. नगरपालिकाको राजस्वको दायरा वृद्धि गरी नगरबाट प्रदान गरिने सेवामा आवद्ध गर्नका लागि नगर भित्रका सबै घरहरुको घर नम्बर कायम गरी सबै नागरिकहरुलाई करको दायरामा ल्याउने नीति लिइनेछ ।

६३. उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला निकायहरुसंग समन्वय गरी नगरपालिका भित्रका वडाहरुमा उपभोक्ता हक हित, राजश्व सचेतना र करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी नगरपालिका तथा वडा कार्यालयमा कर तिर्ने उत्कृष्ट करदाताहरुलाई मापदण्डका आधारमा सम्मान तथा पुरस्कृत गरिनेछ ।

६४. बाढी, पहिरो तथा प्राकृतिक प्रकोपबाट पूर्ण क्षति भएका जग्गा जमिन र घर संरचनामा लाग्ने राजश्व एकिन गरी सहुलियत एवं छुट दिने नीतिलाई निरन्तरता दिइनेछ ।

६५. उपभोक्ता हित संरक्षण मञ्च लगायत उपभोक्ता हित सम्बन्धी सरोकार राख्ने निकायहरुसंग समन्वय गरी नगरपालिका भित्रका अगुवा माध्यमिक विद्यालय र नगरस्तरमा उपभोक्ता हित

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

सम्बन्धी सचेतना कार्यक्रम संचालन गरी विद्यार्थी र नागरिकहरुलाई जिम्मेवार उपभोक्ताको रुपमा विकास गर्ने नीति लिइनेछ ।

६६. उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा कायम गर्दै उपभोग्य वस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइनेछ ।

६७. स्थानीय उत्पादनलाई उच्च प्राथमिकतामा राखी स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्ने नीति लिइनेछ ।

(च) कृषि तथा पशु विकास तर्फ :

६८. नगरपालिकाको स्थानीय भू-उपयोग ऐन तथा नीति बनाई जग्गाको वर्गिकरणलाई व्यवस्थित गरिनेछ ।

६९. कृषि तथा पशु विकासका लागि एकिकृत सेवा केन्द्र र घुम्ती शिविर मार्फत कृषकहरुलाई थप सेवा सुविधा पुर्याउने नीति लिइनेछ ।

७०. कृषिजन्य बालीनालीको उत्पादन र उत्पादकत्व वृद्धिको लागि कृषकले प्रयोग गर्ने मल, बीउ, विषादी र सुक्ष्म खाद्यतत्व अनुदानमा उपलब्ध गराइनेछ । कृषि उत्पादनमा वृद्धि, गुणस्तरता र प्राङ्गारिकयुक्त बनाउँनको लागि प्राङ्गारिक मलको प्रयोग गरी कृषि उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७१. **"कृषकको खेतबारीमा प्राविधिक सेवा: उत्पादनमा बढावा"** भन्ने नारालाई सार्थक बनाउन कृषकको घरदैलो तथा खेतबारीमा नै कृषि प्राविधिक मार्फत कृषि सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

७२. निर्वाहमुखी परम्परागत कृषि प्रणालीलाई व्यवसायीकरण तथा यान्त्रिकरण गरी नगरलाई तरकारी, खाद्यान्न लगायतका बीउमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ । मेलम्ची नगरपालिका क्षेत्र भित्र तरकारी, फलफुल लगायत नगदे बाली उत्पादन गर्ने कृषकहरुलाई ढुवानीमा अनुदान दिने नीति लिइनेछ ।

७३. नगरपालिका भित्र रहेका कृषि योग्य जमिनको माटो परीक्षण गरी माटोको गुणस्तर तथा उत्पादन क्षमता वृद्धि गर्न निशुल्क रुपमा कृषि चुन वितरणको व्यवस्था मिलाइनेछ

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

। नगरपालिका भित्र लोप हुँदै गएको रैथाने बालीको संरक्षण तथा खेती प्रणालीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७४. बाँदर तथा वन्यजन्तुबाट हुने क्षतिलाई न्यूनिकरण गर्न बाँदर तथा बन्यजन्तुबाट कम क्षति हुने खालका बाली तथा फलफुल लगाउनको लागि कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७५. खाद्यान्न र आलुको बीउ उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गर्न तथा कृषकले उत्पादन गरेका आलुको बीउ भण्डारण गर्दा लाग्ने दस्तुरमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

७६. नगरपालिका भित्र रहेका कृषिसंग सम्बन्धित तथ्याङ्कहरुलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ । कृषि तथा पशुपालन सम्बन्धी तथ्याङ्कको आधारमा योजना निर्माण तथा कार्यान्वयनमा जोड दिइनेछ ।

७७. कृषकहरुको क्षमता विकास र कृषि पेशामा आकर्षित गर्न नगरस्तरमा कृषि मेला प्रदर्शनी गरी उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

७८. कृषकको आयस्तरमा वृद्धि गरी जीवनस्तर सुधार गर्नको लागि नगदे बालीको प्रवर्द्धन तथा व्यवसायिक मौरी पालनमा जोड दिइनेछ ।

७९. नगरपालिका भित्रका सार्वजनिक जग्गाहरुको बढ्दो अतिक्रमणलाई रोक्नको लागि सार्वजनिक जग्गा छुट्याई संरक्षण गर्ने नीति लिइनेछ । साथै, नीजि स्वामित्वमा रहेका जग्गा जमिनलाई बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

८०. विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालय करेसाबारी कार्यक्रमलाई विस्तार तथा प्रोत्साहन गर्दै लाने नीति लिइनेछ ।

८१. पशुपालन व्यवसायलाई उत्पादनमुखी बनाउन गोठ तथा खोर सुधार कार्यक्रम विस्तार गरी अनुदान उपलब्ध गराइनेछ । साथै, नगर भित्रका विपन्न तथा गरिब कृषकहरुलाई पशुपालन व्यवसायमा आकर्षित गर्न आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

८२. नगरपालिकाबाट पशुपालक कृषकहरुको लागि प्रदान गरिँदै आएको पशु सुत्केरी भत्तालाई निरन्तरता दिइनेछ। सुत्केरी पशुलाई प्रदान गरिँदै आएको पोषण खर्चलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाइनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

८३. "एक वडा एक कृषि तथा पशु प्राविधिक"को व्यवस्थापन गरी वडागत सेवा केन्द्र मार्फत कृषि तथा पशु सेवा प्रदान गरी कृषि उत्पादन बढोत्तरी गर्ने नीति लिइनेछ ।

८४. नगरको आर्थिक समृद्धिको लागि नगर भित्र उत्पादन तथा संकलन भएका दुग्ध प्रशोधन गरी दुग्धजन्य पदार्थहरु उत्पादन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ । नगरपालिका भित्र माछा, मासु तथा दुग्ध उत्पादन वृद्धि गर्न पशु नश्ल सुधारका लागि कृतिम गर्भाधान सेवालाई प्रभावकारी बनाइनेछ ।

८५. पशु पोषणको स्तरवृद्धि गरी पशुजन्य उत्पादनको वृद्धि गर्नको लागि घाँस उत्पादन तथा घाँस खेतीलाई विस्तार गरिनेछ ।

८६. पशुपन्छी तथा मत्स्य बीमालाई अनिवार्य गरी बिमा गर्दा सम्बन्धित कृषकले बेहोर्ने प्रिमियम रकममा अनुदान रकम उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

८७. मेलम्ची नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा छाडा कुकुर व्यवस्थापनको लागि स्थायी बन्ध्याकरण शिविर संचालन गरी छाडा कुकुर व्यवस्थापन एवं रेबिज रोग नियन्त्रण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८८. नगरपालिका क्षेत्र भित्रका पशुधनहरुमा विभिन्न प्रकारका संक्रामक रोगहरु फैलिंदै गएको अवस्थामा संक्रामक रोग विरुद्धको खोप कार्यक्रम संचालन गरी संक्रामक रोगबाट हुने क्षतिलाई न्यूनिकरण गरिनेछ ।

८९. युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षण गर्नको लागि कृषि सम्बन्धी ज्ञान, सीप, तालिम तथा प्रविधि प्रदान गरी कृषि उत्पादनमा युवा सहभागिता वृद्धि गराउने नीति लिइनेछ ।

९०. मेलम्ची नगरपालिका क्षेत्र भित्र कृषि उत्पादनको अवस्था पहिचान गरी क्षेत्रगत रुपमा पकेट क्षेत्र निर्धारण गरी कृषि उत्पादकत्वलाई वृद्धि गर्ने नीति लिइनेछ ।

<u>(छ) पर्यटन प्रवर्द्धन, उद्योग तथा रोजागरी सिर्जना तर्फ :</u>

९१. मेलम्ची नगरपालिकालाई पर्यटकीय हबको रुपमा विकास गर्न नगर भित्रका थानाभञ्ज्याङगढी, गुफाडाँडा, धौले, भोटेचौर, तपचुली, चिसापानी, लगायतका पर्यटकीय क्षेत्रहरुमा पर्यटन पूर्वाधार विकास गरी पर्यापर्यटनको माध्यमबाट स्थानीय नागरिकहरुको जीवनस्तर सुधार गर्ने नीति लिइनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
... प्रदेश, नेपाल

९२. नगरको पर्यटकीय क्षेत्रहरुको विकास गर्नको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

९३. मेलम्ची नगरपालिका क्षेत्र भित्र पर्यटकको आवागमनलाई बढाई स्थानीय मौलिक खानपान तथा बसोवासको सहज सेवा प्रदान गर्नको लागि पर्यटकीय स्थानहरुमा होमस्टे संचालन गर्नको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

९४. स्थानीय कच्चा पदार्थको प्रयोगबाट निर्माण गरिएको लोकल रक्सीलाई गुणस्तरताको आधारमा लेबलिङ, ब्राण्डिङ्ग र बजारीकरण गर्न सकेमा स्थानीय नागरिकहरुको आयआर्जन र रोजगारीको अवसर सिर्जना हुने भएकोले उक्त कार्यको लागि कानूनी मान्यता प्रदान गर्न संघीय तथा प्रदेश सरकारसंग आवश्यक समन्वय तथा पहल गरिनेछ ।युवा वर्गमा बढ्दै गएको जुवा, तास, जाँड रक्सी जस्ता दुर्व्यसनी नियन्त्रण गर्नका लागि स्थानीय सुरक्षा निकायसंय समन्वय गरिनेछ ।

९५. अकबरे खुर्सानी, खुर्पानी, लालिगुराँस लगायतका स्थानीय उत्पादनहरुलाई प्रशोधनं गरी अचार, जुस लगायतका खाद्य सामग्रीहरुको उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

९६. नगरको पर्यटन विकासको लागि नगर भित्र रहेका धार्मिक तथा पर्यटकीय महत्व बोकेका स्थानहरुको पहिचान गरी स्थानीय कला, संस्कृति, साहित्य, मठ, मन्दिर र गुम्बाको संरक्षण, संम्बर्द्धन तथा प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

९७. नीजि क्षेत्र, सहकारी र गैर सरकारी संस्थाहरुसंग समन्वय गरी निर्माण, उत्पादनमुलक, स्थानीय कच्चापदार्थ प्रयोग हुने उद्योग तथा कलकारखाना एवम् अन्य सेवा क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्ने नीति लिइनेछ ।

९८. नगरको स्थानीय आवश्यकताको आधारमा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी एवं विस्तार गर्दै लगिने नीति अवलम्बन गरिनेछ ।

९९. नगरभित्र संचालन हुने विकास निर्माणका कार्यमा संलग्न हुने महिला र पुरुषलाई समान कार्यको लागि समान ज्यालाको सुनिश्चितता प्रदान गर्ने नीति लिइनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,

<u>(ज) सहकारी तथा गरिबी निवारण तर्फ :</u>

१००. सहकारी विभागद्वारा सञ्चालनमा ल्याइएको सहकारी संस्थाहरुको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS. www.copomis.gov.np) लाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

१०१. उद्देश्य, कार्य क्षेत्र र प्रकृतिको आधारमा सहकारी संस्थाहरुको एकीकरण गरी एक वडा एक विषयगत सहकारीलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

१०२. मेलम्ची नगरपालिका अन्तर्गत रहेका गरिवी निवरण कोषद्धारा प्रवर्द्धित सामुदायिक संस्थाहरु एवं अन्य सामुदायिक कोषहरुको विवरण अध्यावधिक गरी उक्त संस्थाहरुलाई संघीय नीति अनुरुप सहकारी संस्थाको रुपमा विकास गर्दै लगिने नीति लिइनेछ ।

१०३. समुदायस्तरमा सहकारी शिक्षालाई विस्तार गरी एक घर एक सहकारी सदस्यको नीतिलाई अवलम्बन गरिनेछ ।

१०४. सहकारी संस्थाहरुको नियमन, अनुगमन तथा निरिक्षण, प्रशिक्षण र प्रवर्द्धनलाई थप प्रभावकारी बनाई समुदायमा वित्तिय सुशासन कायम गर्न सहकारी संस्था तथा शेयर सदस्यहरुको वित्तिय सुरक्षणलाई कडाइका साथ लागु गर्ने नीति लिइनेछ ।

१०५. नगर भित्र सक्रिय रुपमा संचालनमा रहेका सहकारी संस्थाहरुलाई कार्यसम्पादनका आधारमा सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

**आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,**

<u>(झ) वन, वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन तर्फ :</u>

१०६. नगर क्षेत्रभित्र रहेका सार्वजनिक, खाली र पाखो जग्गामा वृक्षारोपण कार्यक्रम संचालन गर्ने नीति लिइनेछ । वन कार्यालय तथा सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुसंग आवश्यक समन्वय गरी नगर भित्रका सामुदायिक वनलाई समुदायको आयआर्जनमा जोड्न सामुदायिक वन क्षेत्र भित्र रहेको खाली जग्गामा फलफुलका विरुवा, अमृसो, अलैंची र अन्य उत्पादनमुलक वनस्पती रोप्ने व्यवस्था मिलाइनेछ। साथै, सामुदायिक वनमा लागेको डँडेलो नियन्त्रणको लागि स्थानीय क्लब तथा सरोकारवाला निकायहरुलाई परिचालन गरिनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

१०७. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी नगरपालिकाबाट संचालन हुने विकास निर्माणका कार्यहरुलाई विपद् उत्थानशील योजनाको रुपमा संचालन गर्ने नीति लिइनेछ ।

१०८. मेलम्ची तथा ईन्द्रावती नदीमा आएको भिषण बाढीबाट क्षति भएका सार्वजनिक तथा निजी संरचनाहरुको पुनर्निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०९. नगरपालिकाको बजार क्षेत्रबाट उत्पादन तथा संकलन हुने फोहोरमैलाको दीगो तथा वातावरणमैत्री व्यवस्थापनको लागि उपयुक्त स्थान पहिचान गरी फोहोरमैला व्यवस्थापन गरिनेछ ।

११०. नगरपालिकालाई प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्नका लागि आवश्यक नीति लिइनेछ ।

१११. वातावरण ऐन र नियमावलीले निर्दिष्ट गरेका नगरपालिकाबाट संचालन हुने योजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिइनेछ ।

११२. स्वच्छ, सफा र हरियाली नगर निर्माणका लागि नगर भित्रका सबै माध्यमिक विद्यालयहरुमा इको क्लब गठन गरी परिचालन गरिनेछ ।

११३. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरुसंग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

११४. विश्व तापमान वृद्धिबाट सिर्जित जलवायु परिवर्तनका नकारात्मक असरहरुलाई न्यूनिकरण गर्न स्थानीय तहमा विपद् तथा जलवायु उत्थानशिल योजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

११५. मेलम्ची नगरपालिका क्षेत्र भित्रको जोखिमयुक्त स्थानहरुको पहिचान तथा नक्शांकन गरी उक्त बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण तथा संरक्षणको व्यवस्था मिलाउने नीति लिइनेछ ।

११६. सार्वजनिक जग्गा तथा संरचनाहरुसंग जोडिएका व्यक्तिका निजी जग्गामा मेशिनरी औजारको प्रयोग गरी सम्याउने तथा खार्ने कार्य गर्दा नगरपालिकाबाट अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने नीति अवलम्बन गरिनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

११७. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक संरचनाहरुलाई क्षति तथा हानी नोक्सानी हुने गरी कुनै पनि व्यक्ति वा निकायले कार्य गर्न पाउने छैन । यस्तो क्रियाकलाप गरेमा सम्बन्धित वडाको सिफारिसमा सम्बन्धित व्यक्ति वा निकायलाई क्षतिपूर्ति भराई कानून बमोजिम कारवाही गर्ने नीति लिइनेछ ।

११८. नगरपालिकामा स्थापना भएको आपत्कालीन कार्य संचालन केन्द्रलाई सक्रिय बनाई विपद् पूर्व सूचना प्रणालीको विस्तार तथा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

११९. नगरपालिका भित्रका मुख्य बजार क्षेत्रहरुमा आवश्यकता र मागका आधारमा सार्वजनिक शौचालय निर्माण गर्ने नीति लिइनेछ ।

१२०. वातावरणमैत्री स्थानीय शासन प्रारुपको प्रभावकारी कार्यान्वयन गरी वातावरणमैत्री नगर घोषणा गर्नका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

१२१. नगर भित्र जोखिमयुक्त अवस्थामा रहेका विपन्न, असहाय, एकल महिला, अपाङ्गता, ज्येष्ठ नागरिकहरुको घर संरक्षणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने नीति लिइनेछ ।

**(ञ) सुशासन तथा संस्थागत विकास तर्फ :**

१२२. नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि गर्नको लागि नगरपालिका र अन्तर्गत कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार सीप तथा क्षमता विकास गर्दै लैजाने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१२३. वितरणमुखी योजना छनौटको अभ्यासलाई निरुत्साहित गर्न एकिकृत नगर विकास गुरुयोजना, नगरपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना एवं वार्षिक योजना तथा कार्यक्रमलाई दीगो विकासका लक्ष्य, दीर्घकालिन राष्ट्रिय लक्ष्य, पन्ध्रौं पञ्चवर्षिय योजना एवं बागमती प्रदेशको प्रथम पञ्चवर्षिय योजनासंग आवद्ध गराउदै लैजाने नीति अवलम्बन गरिनेछ ।

१२४. नगरपालिका भित्र बन्ने सार्वजनिक संरचनाहरु (वडा कार्यालय, स्वास्थ्य चौकी भवन, बहुआयामिक सामुदायिक भवन, विद्यालय भवन, गुम्बा, मठ मन्दिर) एवं एकिकृत बस्तीहरुलाई स्थानीय मौलिक पहिचान झल्कने गरी निर्माण गर्ने र एकै किसिमको रङ रोगन गर्ने नीति अवलम्बन गरिनेछ ।

मैलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

१२५. भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरीवेक्षण तथा अनुगमन प्रणालीलाई प्रभावकारी बनाई योजना निर्माण स्थलमा नै सम्बन्धित सरोकारवालाहरुको गुनासो सुन्ने व्यवस्था मिलाईनेछ ।

१२६. नगरपालिका भित्र निर्माण सम्पन्न भएका घरहरुको कार्यविधि तथा मापदण्ड निर्माण गरी प्राविधिक प्रतिवेदनको आधारमा अभिलेखिकरण गरिनेछ । साथै नगरपालिकाबाट स्वीकृति नलिई मापदण्ड विपरित घर वनाउने तथा तला थप्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम दण्ड, जरिवाना गर्ने नीति लिइनेछ ।

१२७. नगरपालिकाको आम्दानी एवम् खर्च लगायत सार्वजनिक महत्वका विषयहरुलाई विद्युतीय तथा छापा संचारको माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजनास्थलमा नै सार्वजनिक सुनुवाई, समिक्षा र सामाजिक परीक्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१२८. आधुनिक सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै नगरपालिका र अन्तर्गतका सबै ईकाइहरुमा सूचना प्रविधिको जडान तथा प्रयोगमा जोड दिइनेछ ।

१२९. नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय कर्मचारी नियमावली र कर्मचारी कल्याण कोष नियमावली तयार गरी लागु गरिनेछ ।

१३०. भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै विकास निर्माण तथा सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र सुशासन कायम गरी नागरिकमैत्री बनाइनेछ ।

१३१. कर्मचारीलाई उपलब्ध गराउदै आएको प्रोत्साहन भत्तालाई कर्मचारीको श्रम, समय, सिप र क्षमताको आधारमा मूल्याङ्कन गरी उपलब्ध गराउने नीति लिइनेछ ।

१३२. सुशासन, पारदर्शिता र जवाफदेहितालाई आत्मसाथ गर्दै नागरिकहरुको सूचना प्राप्त गर्ने हकलाई सूनिश्चितता प्रदान गर्न क्रियाशिल संचारकर्मी तथा संचारमाध्यमहरु मार्फत जनचेतनामुलक कार्यक्रमका साथै सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ । संचारकर्मीहरुको माग र आवश्यकताका आधारमा क्षमता विकास तालिम संचालन गर्नुको साथै संचारक्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१३३. कार्यालय समयमा कार्य क्षेत्र भित्र सरकारी सेवा सुविधा प्राप्त गर्ने कर्मचारी तथा शिक्षकहरुले प्रयोग गर्ने व्यक्तिगत सामाजिक सञ्जालको प्रयोगलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

१३४. सेवा प्रवाह तथा विकास निर्माणको कार्यलाई छिटो छरितो र पारदर्शी बनाउनको लागि कार्यसम्पादन मूल्याङ्कनको सूचक निर्माण गरी सोको आधारमा वडालाई थप अनुदान रकम प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

(ट) न्यायिक कार्य तर्फ :

१३५. न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वडास्तरमा रहेका मेलमिलाप केन्द्रहरुलाई थप सक्रिय बनाईनेछ । यसका लागि न्यायिक समितिका पदाधिकारी र मेलमिलाप कर्ताहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१३६. मेलम्ची नगरपालिकामा सूचिकृत मेलमिलापकर्ताहरू मध्ये मापदण्ड बनाई उत्कृष्ट मेलमिलापकर्ताहरूलाई सम्मान गरिनेछ । वडा मेलमिलाप संयोजकलाई प्रोत्साहन स्वरुप संचार खर्च र सूचिकृत मेलमिलापकर्ताहरुलाई विवाद समाधानको आधारमा प्रोत्साहन खर्च उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

१३७. नगर भित्रका नागरिकहरुबाट प्राप्त भएको न्यायिक उजुरीलाई सकभर वडा मेलमिलाप केन्द्रबाट नै समाधान गर्ने नीति लिइनेछ ।

१३८. मेलमिलापको माध्यमबाट विवाद् समाधानका लागि दक्ष जनशक्तिको उत्पादन गरी न्यायमा पहुँच र दीगो शान्तिको स्थापना गर्ने नीति लिइनेछ ।

१३९. बहुसरोकारवाला विवाद्को समाधानको लागि प्राकृतिक श्रोत द्धन्द्ध रुपान्तरण केन्द्र नेपालसंग समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।

१४०. अन्त्यमा, नगरपालिकाको समग्र विकासमा योगदान पुऱ्याउनुहुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक नागरिक समाज, संचार जगत, निजी सहकारी, सामुदायिक क्षेत्र लगायत सम्पूर्ण नगरवासी एवं सरोकारवाला सबै पक्षमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२०८०।३।१०